**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २२ दिसम्बर २०२४

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

१. दार्जीलिङ पहाड़मा आज देखि एउटा नयाँ पार्टी भरतीय गारखा जनशक्ति मोर्चा नामेले उदित भएको छ। हाम्रो पार्टी भंग गरी अजय एडवर्डको नेतृत्वमा यो पार्टी गठन भएको छ।
२. कोलकातको न्यू अलिपूर ब्रिज नजीक भीष्ण आगलागी । ८ घण्टाको कड़ा परिश्रम पछि अग्निशमन विभागले आगो लिएको छ। आज बिहान नियन्त्रण पाउनसक्यो। ४०-५० झोपड़ी खरानी भएको छ।
३. पश्चिम बंगालको दक्षिण २४ परगनाबाट काश्मीरको आतंकवादी पक्राउ ।
४. पश्चिम बंगालको विश्व प्रसिद्ध गंगासागर मेलाको मध्यनजर राख्दै पूर्व रेलवेले ट्रेनहष्को उब्बालाई एवं अतिरिक्त ट्रेन तैयार राख्ने बताएको छ।
५. दार्जीलिङ मेलो टि फेष्ट देश-विदेशका ३,५०० भन्दा बढी धावकहहरूको प्रतिस्पर्धा मैराथन पछि आज सफलताका साथ सम्पन्न भएको छ। महिला वर्गमा कालेबुङ्कीसरस्वती राई प्रथम भयो भने पुरूष वर्गमा धर्म महर्जन प्रथम भए।

**नयाँ पार्टी गठन**

आज पहाड़मा नयाँ समीकरणको उदय भएको छ। अजय एडवर्ड्सको नेतृत्वमा पहाडमा आज फेरि नयाँ पार्टीको गठन भएको छ। जसको नामकरण भारतीय गोर्खा जनशक्ति मोर्चा अर्थात् इन्डियन गोर्खा जनशक्ति फ्रन्ट भनेर गरिएको छ। आज नयाँ पार्टी गठन हुनका साथै यसको झण्डासमेत जारी गरियो । नवगठित पार्टी मुख्यतया अघिल्लो पार्टी हाम्रो पार्टीलाई विघटन गरेर बनाइएको हो। एड्वर्ड्सलगायत एनबी खवास, एमबी क्षेत्री, प्रकाश गुरुङ, प्रदीप प्रधान, नरबु लामा लगायतका नेताहरूको एकीकरण भएर नवगठित पार्टीको निर्माण भएको छ।नयाँ पार्टी खोल्नुको मुख्य उद्देश्य गोर्खाहरूको एउटै मागका लागि सबैलाई एकजुट गरी एउटै मञ्चमा ल्याउनु हो भनी अजय एडवर्ड्स साथै एनबी खवासले बताउनु भएको छ। नयाँ पार्टी गठनअघि मिडियासँग बोल्दै एड्वर्ड्सले पार्टीभन्दा जाति ठूलो भनी बताउनुभयो। उहाँले यही पार्टीहरूको व्यस्ततामा हामीले जातिलाई बिर्सिन लागेका छौं भनी बताउनुभयो।

****** ० ******

**कोलकाता आगालागी**

पश्चिम बंगालको राजधानी कोलकाताको न्यू अलिपुर ब्रिज नजिकै अवस्थित बस्तीमा गए राती भीषण आगलागी हुँदा लगभग 40-50 वटा झोपड़ी जलेर खरानी भएको छ। दमकल विभागका अधिकारीहरूले बताएअनुसार घटनामा कुनै प्रकारको ज्यानको हानी भएको छैन।दमकल विभागका 16 वटा वाहनहरूले रातभरि परिश्रम गरेर आगोलाई नियन्त्रणमा ल्याए। आगोलाई नियन्त्रण गर्नका लागि न्यू अलिपुर आर्मी क्याम्पबाट सेनाका जवानहरूले दमकल कर्मीहरूसित मिलेर काम गरे। घटनास्थलमा उपस्थित मानिसहरूले बताएअनुसार आगलागी अवधि ग्यास सिलेन्डर विस्फोट भएको आवाज पनि सुनियो। घटनास्थलमा पुगेका मन्त्री अरूप विश्वास अनि कोलकाताका मेयर हिरफाद हकिमले कोही पनि घाइते भएको खबर नभएको बताउनु भएको छ। घटनाको कारण दुर्गापुर ब्रिजलाई यातायातका लागि बन्द गरिएको थियो अनि सियालदह-बज बज रेल लाइनमा पनि ट्रेन सञ्चालनलाई सतर्कतास्वरूप बन्द गरिएको थियो। कंग्रेसका प्रदेश अध्यक्ष सुभंकर सरकारले घटनास्थलको भ्रमण गरी स्लम क्षेत्रहरूमा आगलागीका बढ्दो घटनाक्रमप्रति चिन्ता व्यक्त गर्नुभयो।

****** ० ******

**पश्चिम बंगाल आतंकी पक्राउ**

जम्मू कश्मीर एसटीएफ र बंगाल पुलिसले संयुक्त अभियान चलाएर शनिबार राति दक्षिण 24 परगना जिल्लाको क्यानिंग अस्पताल मोड़ क्षेत्रबाट आतंकवादी गतिविधिमा संलग्न एक व्यक्तिलाई पक्राउ गरेको छ।आज पुलिस सूत्रहरूले बतएअनुसार पक्रा

परेका व्यक्ति मूल रूपमा काश्मिरको श्रीनगरका निवासी हुन्। उनमाथि आतंकवादी संगठन तहरिक उल मुजाहिद्दिनका सदस्य भएको आरोप छ । क्यानिङ अस्पताल मोड क्षेत्रमा आफन्तलाई भेट्न आएका एक व्यक्तिलाई पुलिसले पक्राउ गरेको हो । पक्रा परेका व्यक्तिसँग सोधपुछ भइरहेको बताइएको छ।

****** ० ******

**उडान यात्री क्याफे**

हवाई यात्रीहरुलाई ठूलो राहत दिँदै नागरिक उड्डयन मन्त्रालयले विमानस्थलमा खाद्यान्न अनि पानीजस्ता अत्यावश्यक वस्तुहरू सुलभ दरमा उपलब्ध गराउन 'उडान यात्री क्याफे' सञ्चालनमा ल्याएको छ। कोलकाताको नेताजी सुभाष चन्द्र बोस अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलो "उडान यात्री क्याफे" शुरु गरिएको छ अनि यहाँ सफल रुपले परिचालन भयो भने, यो भारतीय एयरपोर्ट प्राधिकरण द्वारा व्यवस्थित देश भरका अन्य एयरपोर्टहरूमा खोलिनेछ।

****** ० ******

**उर्मिला घिसिङ अभिनन्दन ग्रन्थ**

भारतीय नेपाली साहित्यका वरिष्ठ साहित्यकार उर्मिला घिसिङ अभिनन्दन ग्रन्थ आज सुकनाको सार्वजनिक भवनमा विधिवत रूपमा लोकार्पण गरियो। सुकना उसमा प्रकाशनको आयोजनामा सम्पन्न कार्यक्रमको सञ्चालन कवि एवं पत्रकार मुस्कान राई खेसहाङले गर्नु भएको थियो भने विरिष्ठ साहित्यकार विन्ध्या सुब्बाले कार्यक्रमको अध्यक्षता गर्नु भएको थियो। कार्यक्रममा वरिष्ठ साहित्यकार स्नेहलता राई प्रमुख रूपमा उपस्थित हुनुन्थ्यो भने विभिन्न क्षेत्रबाट आएका साहित्यकारहरूको बाक्लो उपस्थिति रहेको थियो। कार्यक्रममा प्रमुख सम्पादक वुष्णुकुमार बराईलीले अभिनन्दन ग्रन्थबारे प्रकाश पार्नुभयो भने प्रा.मेघनाथ छेत्रीले समिक्षात्मक वक्तव्य प्रस्तुत गर्नु भएको थियो। यसैबीच सुकना उसमा प्रकाशनको पक्षबाट नाटककार, कवि एवं संगितकार राजु शाशंकरलाई सम्मान पनि जनाइयो।

**कृति लोकार्पण**

आत्मानुसन्धान केन्द्र धजे चियाबारी सुवासग्रामको तत्वावधानमा एसके पिठाकोटे थापाको पहिलो कृति 'यो रङ्गमञ्चमा' आज विधिवत लोकापर्ण गरियो। पवन राई नामदुङले स्वागत भाषण राखेको अनि ध्रुव चौहानले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता एनडी राईले गर्नु भएको थियो। स्थानीय सार्वजनिक भवनमा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि एस एम वाङदेल उपस्थित थिए भने बिशिष्ठ अतिथिका रूपमा बिबि मुखियाको विशेष उपस्थिति रहेको थियो। विभिन्न क्षेत्रबाट आएका साहित्यकार,समाजसेवी तथा पूर्व सैनिकहरू सहभागी बनेको कार्यक्रममा कविता वाचन,नृत्य, तथा साङ्गीतिक प्रस्तुति समावेश गरिएको थियो। एसबी राईले कृतिमाथि समिक्षात्मक वार्ता प्रस्तुत गरेका थिए भने कार्यक्रममा कृतिकारले पनि आफ्नो कुरा राख्नु भएको थियो।

****** ० ******

**गंगासागर मेला**

पौष संक्रान्तिको अवसरमा गंगासागरमा पुण्य स्नान गर्न टाढा-टाढाबाट मानिसहरू आउँछन्। अर्को वर्ष १० देखि १८ जनवरीसम्म चल्ने गंगासागर मेलालाई ध्यानमा राख्दै पूर्व रेलवेले सियालदह डिभिजनका ट्रेनहरूको डिब्बा संख्या बढाउनेछ। सियालदह, नामखाना अनि काकद्वीप स्टेसनमा १२ देखि १६ जनवरीसम्म विशेष व्यवस्था गरिनेछ। यात्रीहरूको सुविधा अनि सुरक्षाका लागि पूर्व रेलवेले यी कदम चालेको हो। गंगासागर मेलाका क्रममा सियालदह स्टेसनमा दैनिक १५-१८ लाख यात्री आउने अनुमान छ। ट्रेनका डिब्बा ९ बाट बढाएर १२ बनाइनेछ। अतिरिक्त डिब्बासहित दुई खाली ट्रेन पनि तयारी अवस्थामा रहनेछन्।

****** ० ******

**भागोप्रमो सभा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा तीनधारे महानदी समष्टिको सांगठनिक सभा घैयाबारीको लोवर गैरी गाउँस्थित सार्वजनिक भवनमा सम्पन्न भएको छ। यस सभालाई भागोप्रमो तीनधारे महानदी समष्टिको उपाध्यक्ष राजु लामाले गरेका थिए। सभामा भागोप्रमो तीनधारे महानदी समष्टिको सांगठनिक गतिविधि अनि पार्टीगत सांगठनिक विषयहरु चर्चा परिचर्चा गरिएको थियो। सभामा विशेष गरेर भागोप्रमोको सदस्यता विषयमा छलफल हुनुको साथै आगामी 19 जनवरीदेखि शाखा पसौं अभियान विषयमा चर्चा परिचर्चा गरिएको थियो। यसको साथै भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रीय संस्थापक अध्यक्ष अनित थापा आगामी जनवरी महिनाको दोस्रो सातामा तीनधारे महानदी समष्टिको भ्रमणमा आउने विषयमा तयारीलाई लिएर विशेष चर्चा परिचर्चा गरिएको छ। सभामा तीनधारे महानदी समष्टिको चारैवटा ग्राम पञ्चायतहरुका पञ्चायत प्रधान, उप प्रधान, पञ्चायत समिति सदस्यहरु र पञ्चायत सदस्यहरु साथै तीनधारे महानदी समष्टिको पदाधिकारीहरु अनि विभिन्न भातृ संगठनहरुका पदाधिकारीहरु उपस्थित रहेका थिए।

****** ० ******

**समरीपानी भ्यू पोइन्ट**

पोखे्रबोंगको समरीपानी बीच गाउँ क्षेत्रको एक सामाजिक संस्था "समरीपानी वेलफेयर सोसाइटी"-ले धेरै समयदेखि समरीपानीलाई राम्रो समरीपानी बनाउने उद्देश्यले कार्य गर्दै आएको छ, जसमा दुई दिन अघिदेखि समरीपानी बीच गाउँस्थित भ्यू पोइन्टमा थप सुन्दरीकरण गर्न सोसाइटीले कार्य गर्दै आएको थियो| सुन्दरीकरण गर्ने काम आज सम्पन्न भयो। सोसाइटीका सदस्यहरूले समर्पण अनि उर्जाका लागि प्रशंसा गर्दै, सह शिक्षक दिपेन्द्र भारती तथा भूतपूर्व सैनिक सुरज थोनिशालाई सम्मान पत्र, नेपाली टोपी अनि खादा प्रदान गरे। सोसाइटीले भविष्यमा पनि समरीपानीको विकासका लागि काम गर्ने प्रतिवद्धता व्यक्त गरेको छ।

****** ० ******

**दार्जीलिङ म्याराथन**

दार्जीलिङ मेलो टी फेस्टको अन्तिम दिन आज दार्जीलिङ हिल म्याराथान आयोजना गरियो। यस म्याराथनमा देश र विदेशबाट आएका 3,500 भन्दा बढी धावकहरूले भाग लिएका थिए। दार्जीलिङ हिल म्याराथनमा प्रोजेक्ट लाइफका हिल रनरहरूले उत्कृष्ट प्रदर्शन गरे।महिला वर्गको २१ किलोमिटर दौडमा कालेबुङ निवासी प्रोजेक्ट लाइफकी सदस्य सरस्वती राईले १ घण्टा ४० मिनेट ३ सेकेण्डको आधिकारिक समयमा पहिलो स्थान हासिल गरिन् भने लमहट्टाका सुक लमु शेर्पाले १ घण्टा ५७ मिनेट २७ सेकेण्डमा दोस्रो स्थान हासिल गरिन्। यसरी नै लेबोङकी रिता दिवानले सोही वर्गमा २ घण्टा ८ मिनेट ३२ सेकेण्डमा दौड पूरा गरी तेस्रो स्थान हासिल गरिन् ।सुखियाका नामपर लेप्चाले पुरुष वर्गको २१ किलोमिटर दौडमा १ घण्टा २५ मिनेट ५ सेकेण्डको आधिकारिक समयमा दोस्रो स्थान हासिल गरे ।

****** ० ******

**दिल्ली - सञ्जीवनी योजना पञ्जीकरण**

आम आदमी पार्टीका राष्ट्रिय संयोजक अरविन्द केजरीवालले दिल्लीमा महिला सम्मान योजना र सञ्जीवनी योजनाका लागि पञ्जीकरण भोलिदेखि सुरु गर्ने घोषणा गर्नुभयो। सो अवसरमा मुख्यमन्त्री आतिषी पनि उपस्थित हुनुहुन्थ्यो। श्री केजरीवालले भन्नुभयो कि आम आदमी पार्टीको टोली घर-घर गएर यी दुवै योजनाहरूका लागि पञ्जीकरण गर्नेछन्।

****** ० ******

**दार्जीलिङ म्याराथन**

दार्जीलिङ मेलो टी फेस्टको अन्तिम दिन आज दार्जीलिङ हिल म्याराथान आयोजना गरियो। यस म्याराथनमा देश र विदेशबाट आएका 3,500 भन्दा बढी धावकहरूले भाग लिएका थिए। दार्जीलिङ हिल म्याराथनमा प्रोजेक्ट लाइफका हिल रनरहरूले उत्कृष्ट प्रदर्शन गरे।महिला वर्गको २१ किलोमिटर दौडमा कालेबुङ निवासी प्रोजेक्ट लाइफकी सदस्य सरस्वती राईले १ घण्टा ४०

मिनेट ३ सेकेण्डको आधिकारिक समयमा पहिलो स्थान हासिल गरिन् भने लमहट्टाका सुक लमु शेर्पाले १ घण्टा ५७ मिनेट २७ सेकेण्डमा दोस्रो स्थान हासिल गरिन्। यसरी नै लेबोङकी रिता दिवानले सोही वर्गमा २ घण्टा ८ मिनेट ३२ सेकेण्डमा दौड पूरा गरी तेस्रो स्थान हासिल गरिन् ।सुखियाका नामपर लेप्चाले पुरुष वर्गको २१ किलोमिटर दौडमा १ घण्टा २५ मिनेट ५ सेकेण्डको आधिकारिक समयमा दोस्रो स्थान हासिल गरे ।

****** ० ******

**फुटबल**

युनाइटेड तीनधारे स्पोर्ट्स एसोसिएसनको आयोजनामा तीनधारेको मिठाईडाँडा खेल मैदानमा भईरहेको तीनधारे च्यालेञ्च कप फुटबल टुर्नामेन्टको दोस्रो चरणको दोस्रो खेलमा नर्थ बेंगल आम पुलिस र युनाइटेड सिविटारमाझ सम्पन्न भएको छ। यस खेलमा नर्थ बेंगल आम पुलिसले सिविटारलाई 3-2 को अन्तरले जितेर क्वाटर फाईनलमा प्रवेश गरेको छ। अब भोलि हुने खेल केएफसी सिलगढी र ब्राइट एकाडेमीमाझ सम्पन्न हुने भएको छ। आजको खेलमा मुख्य अतिथिको रुपमा ग्यालेक्सी अस्पताल बाघडोगराबाट जेसु दत्त उपस्थित रहेका थिए भने विशिष्ट अतिथिको रुपमा घैयाबारी दुई ग्राम पञ्चायत प्रधान भगवती प्रधान उपस्थित हुनु हुन्थ्यो। आजको खेल विषयमा पत्रकारहरुसित कुराकानी गर्दै युनाइटेड तीनधारे स्पोर्ट्स एसोसिएसनको सचिव रञ्जित थापाले विस्तृत रुपमा जानकारी गराउनु भएको छ।

****** ० ******

**लोअर लिङ्तेन खेलकुद**

-

दार्जिलिङ पुलबजार खण्डको कैंजले ग्राममा पर्ने लोअर लिङतेन प्राथमिक विद्यालयद्वारा बार्षिक खेलकुदसँगै बनभोज कार्यक्रम आज सम्पन्न भयो। पठनपाठनसँगै विद्यार्थीहरूलाई खेलकुदमा पनि अघि बढाउने साथै अविभावक तथा विद्यालयबीच नजिकको सम्बन्ध स्थापित गर्ने प्रमुख उदेश्यका साथ यो कार्यक्रम आयोजना गरिएको थियो। स्थानीय गाउँकै खेतमा गरिएको कार्यक्रममा विद्यार्थीसँगै अविभावकहरूबिच विभिन्न प्रतियोगिता राखिएको थियो भने बिजेताहरूलाई पुरस्कृत पनि गरिएको थियो। स्मरण रहोस्, लोवर लिङतेन प्राथमिक विद्यलय हालका केही बर्षहरूमा विभिन्न क्षेत्रमा अघि बडिरहेको छ।

****** ० ******

-